Date: ..................................

आज मिति २०८० साल पुष १८ गते बुधबार बिहान १०:०० बजे ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक नं. ०२/०८/२०८०/०८१ गाउँपालिका अध्यक्ष श्री गीरेन्द्र बहादुर राई ज्यूको अध्यक्षतामा बसी तपसिलका पदाधिकारीहरुको उपस्थितीमा देहायका प्रस्तावमा छलफल गरी निर्णय गरियो ।

उपस्थिती

| पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | गीरेन्द्र बहादुर राई | |
| उपाध्यक्ष | राजेश कुमार राजभण्डारी | |
| सदस्य | पुरुषोत्तम राजभण्डारी | |
| सदस्य | नन्द कुमार तामाङ | |
| सदस्य | टेकेन्द्र राजभण्डारी | |
| सदस्य | भक्त बहादुर तामाङ | |
| सदस्य | टंकराम राई | |
| सदस्य | सुनिल राई | |
| सदस्य | अरुण राई | |
| सदस्य | जानुमाया राई | |
| सदस्य | मंगल माया राई | |
| सदस्य | कमला देवि तामाङ | |
| सदस्य | गोपि तामाङ | |
| सदस्य | जय बहादुर विश्वकर्मा | |
| सदस्य | दिनेश राई (नाछिरिङ) | |
| सदस्य सचिव | रेख बहादुर थापा (प्र.प्र.अ.) | |

प्रस्ताव तथा निर्णयहरु

**१. वडागत कार्य प्रगति समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०८०/०८१ को पौष १५ गतेसम्म भएको वडागत कार्य प्रगति समिक्षा सम्पूर्ण वडा अध्यक्षहरुबाट प्रस्तुत भयो । उपभोक्ता समिति गठन तथा योजना सम्झौता गर्न बाँकी रहेका योजना/आयोजनाहरु गाउँपालिकाले बनाएको योजना कार्यान्वयन कार्य योजना अनुसार कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

**२. आ.व. २०८१/०८२ को लागि सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौंको मिति २०८०/०८/३० को सार्वजनिक सूचना अनुसार प्रदेश सरकार र स्थानीय तहमा आ.व. २०८१/०८२ का लागि संघीय समपूरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने तपसिल बमोजिमका आयोजना/कार्यक्रमहरुको प्राथमिकताक्रम निर्धारण गरी डि.पि.आर.को सारांशसहित राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौंमा अनलाईन प्रणालीमार्फत प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| अ. समपूरक अनुदान | | |
|---|---|---|
| **क्र.स.** | **क्षेत्रहरु** | **आयोजना/कार्यक्रम (प्राथमिकताक्रम सहित)** |
| १ | पूर्वाधार क्षेत्र | १. ऐसेलुखर्क-लिदिङ खोला सडक निर्माण |
| २ | सुशासन तथा अन्य क्षेत्र | २. वडा कार्यालय भवन निर्माण वडा नं. १, ३, ४ र ५ |
| **आ. विशेष अनुदान** | | |
| १. | शिक्षा | 1. Proposal for Aiselukharka Rural Munacipality Educational Development (Digitize School) and Literacy Improvement Project |

**३. करार सेवामा कार्यरत कर्मचारीहरुको करार सम्झौता म्याद थप सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र स्वास्थ्य संस्थामा करार सेवामा कार्यरत कर्मचारीहरुको मिति २०८० साल पुस मसान्तमा करार सेवा सम्झौता समाप्त भई उमेर हद ५८ वर्ष पूरा भइसकेका कर्मचारीबाहेक ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र स्वास्थ्य संस्थामा करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको मिति २०८० साल माघ १ गतेदेखि लागू हुने गरी मिति २०८१ असार मसान्तसम्म करार सेवा सम्झौता थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**४. ऐसेलुखर्क गाउँपालिकाको ग्रामीण यातायात गुरु योजना स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको ग्रामीण यातायात गुरु योजना निर्माण सम्बन्धमा परामर्शदाता पास कन्सल्टेन्ट प्रा.लि., बत्तिस पुतली, काठमाडौंसँग सम्झौता भई सो

परामर्शदाताले कार्य सम्पन्न गरी प्रतिवेदन समेत पेश गरी सकेको हुँदा ऐसेलुखर्क गाउँपालिकाको ग्रामीण सडक यातायात योजना स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**५. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना/आयोजना शीर्षक संशोधन सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०८०/०८/२४ गतेको गाउँ कार्यपालिका बैठक नं. ०२/०७/२०८०/०८१ को प्रस्ताव तथा निर्णय नं. ३ मा स्वीकृत आ.व. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने तपसिल बमोजिमको योजना/आयोजनाको शीर्षक संशोधन गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| वडा नं.-५, महेश्वरी | | |
|---|---|---|
| **क्र.स.** | **स्वीकृत आयोजना/कार्यक्रम** | **संशोधित आयोजना/कार्यक्रम तथा बजेट** |
| १. | तिन्तेफार ढोडेनी लपान सानोडुम्रे सडक सोलिङ तथा ग्याबियन बक्स फिलिङ -रु.४,१०,४००/- | वनगाउँ ढोडेनी सानोडुम्रे सडक सोलिङ तथा ग्याबियन बक्स फिलिङ -रु.४,१०,४००/- |

**६. ग्याबियन बक्स तारजाली खरिद सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम लागत साझेदारी तथा विपद् व्यवस्थापनको लागि आवश्यक ग्याबियन बक्स तारजाली खरिदको लागि वडा कार्यालयको प्रशासनिक खर्चबाट प्रतिवडा रु.१,००,०००/- (अक्षरुपी एक लाख रुपैया मात्र) कटौती गरी जम्मा रु.७,००,०००/- (अक्षरुपी सात लाख रुपैया मात्र) मा गाउँपालिकाबाट रु.३,००,०००/-(अक्षरुपी तीन लाख रुपैया मात्र) थप गरी रु.१०,००,०००/- (अक्षरुपी दश लाख रुपैया मात्र) को ग्याबियन बक्स तारजाली खरिद गर्ने सर्वसम्मत निर्णय गरियो ।

**७. सरुवाको निर्णय अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं.-१, राखाबाङ्देल स्थित श्री रावाथुम प्रा.वि.मा गा.पा. अनुदान/बाल विकास शिक्षक पदमा कार्यरत श्री टिकामाया भट्टराईलाई श्री मानुका प्रा.वि., ऐसेलुखर्क-१, राखाबाङ्देलमा सरुवा गर्ने ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, ऐसेलुखर्कको मिति २०८०/०९/१२ गतेको सरुवा निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**८. गा.पा. अध्यक्ष ज्यूको भ्रमण स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा गाउँपालिका अध्यक्ष श्री गीरेन्द्र बहादुर राई ज्यूको तपसिल बमोजिमको भ्रमण स्वीकृत गरी अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. मिति २०८०/०८/१३- २०८०/०८/१९- काठमाडौं

२. मिति २०८०/०९/०५-२०८०/०९/११- काठमाडौं हुँदै विराटनगर

वीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

९. अस्थायी प्रहरी पोष्ट, राखा बाङ्देल स्थायीको लागि सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं.-१, राखा बाङ्देलमा रहेको अस्थायी प्रहरी पोष्ट स्थायीको लागि जिल्ला प्रशासन कार्यालय, खोटाङ, दिक्तेल तथा गृह मन्त्रालय, सिंहदरवार, काठमाडौंसँग मागका लागि सिफारिस गर्ने सर्मसम्मत निर्णय गरियो ।

१०. निजी जग्गा सरकारी निकायको लागि निःशुल्क प्राप्ती सम्बन्धमा ।

प्रस्ताव नं. १० माथि छलफल गर्दा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ को दफा ५ बमोजिम ऐसेलुखर्क गाउँपालिकावा वडा कार्यालयहरुको नाममा निजी जग्गा निःशुल्क प्राप्तीको लागि निम्न जग्गाधनीहरुबाट मन्जुरीनामा समेत प्राप्त भएकोले रजिष्ट्रेशन पास गर्नको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | जग्गाधनीको नाम, थर | ठेगाना | कित्ता नं. | प्राप्ती गर्ने निकाय | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | नन्द बहादुर दाहाल | ऐसेलुखर्क-७ (साविक माक्पा गा.वि.स.-३) | ५७८ | ७ नं. वडा कार्यालय | १-०-०-० | बेप्ला दाहाल कुल पुजा मन्दिर निर्माण |
| २. | इश्वरा खत्री (गौली) | ऐसेलुखर्क-७ (साविक माक्पा गा.वि.स.-७) | १५० | ७ नं. वडा कार्यालय | ०-६-०-० | लेवा सामुदायिक भवन निर्माण |
| ३. | धन कुमारी राई | ऐसेलुखर्क-७ (साविक माक्पा गा.वि.स.-८) | ८३ | ७ नं. वडा कार्यालय | लम्बाई-१२ मिटर, चौडाइ-११ मिटर | रदु टोल सामुदायिक भवन निर्माण |
| ४. | सार्के कामी | ऐसेलुखर्क-७ (साविक माक्पा गा.वि.स.-८) | १०२२ | ७ नं. वडा कार्यालय | ०-६-०-० | सम्झना सामुदायिक भवन निर्माण |

११. स्वास्थ्य चौकी भवन माग सम्बन्धमा ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं.-५, महेश्वरीमा स्वास्थ्य चौकी महेश्वरी भवन निर्माणको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसँग माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

१२. कार्यक्रम संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा आ.व. २०८०/०८१ को लागि स्वीकृत तपसिल बमोजिमको योजना संशोधन गरी कार्यान्वयन गर

| वडा नं.-२, बाकाचोल | |
|---|---|
| स्वीकृत आयोजना/कार्यक्रम | संशोधित आयोजना/कार्यक्रम तथा बजेट |
| १. बुर्नि खोला काठे साँगु निर्माण (३ वटा) -रु.१,००,०००/- | १. बुर्नि खोला काठे साँगु निर्माण (२ वटा) -रु.१,००,०००/- |

१३. कार्यक्रम स्वीकृत तथा लागत साझेदारी सम्बन्धमा ।

प्रस्ताव नं. १३ माथि छलफल गर्दा सडक बोर्ड नेपाल, मिन भवन, काठमाडौंको प.सं. -२०८०-०८१, च.नं.-७६८, मिति-२०८०/०८/०१ को पत्रानुसार चालु आर्थिक वर्ष २०८०/०८१ को स्थानीय सडक मर्मत संभार कार्यको लागि ब.उ.शि.नं. ३३७३१०११३ अन्तर्गत कार्यकारी समिमिको मिति २०८०/०७/२१ को निर्णयानुसार ऐसेलुखर्क गाउँपालिकाको लागि रु.१८,००,०००/- (अक्षरुपी अठार लाख मात्र) प्राप्त भएकोमा उक्त रकम ऐसेलुखर्क गाउँपालिका वडा नं.-२, बाकाचोलको बादेल- विस्काम सडक मर्मत गर्ने र गाउँपालिकाले कार्यविधि अनुसार तोकिएको लागत साझेदारी गर्ने सर्वसम्मत निर्णय गरियो ।

१४. लागत साझेदारी सम्बन्धमा ।

प्रस्ताव नं. १४ माथि छलफल गर्दा प्रयास नेपाल, ऐसेलुखर्क गा.पा.-५, महेश्वरी, खोटाङको प.स.-२०८०/०८१, च.नं.-३६, मिति-२०८०/०८/२४ गतेको पत्रानुसार जि फाउण्डेशनको आर्थिक तथा प्राविधिक सहयोग र प्रयास नेपालको व्यवसथापनमा संचालन हुने बृहत कृषि मेला प्रदर्शनी संचालनको लागि पेश हुन आएको कृषि मेला प्रदर्शनी साझेदारी प्रस्तावना अनुसार गाउँपालिकाले रु. १,००,०००/- (अक्षरुपी एक लाख रुपैयाँ मात्र) लागत साझेदारी गर्ने सर्वसम्मत निर्णय गरियो ।